# कलैया उपमहानगरपालिका

## नगर कार्यपालिकाको बैठक नं.०५/०८०/८१

आज मिति २०८०।०६।१४ गते आइतवार दिउँसो १(एक) बजे कलैया उपमहानगरपालिकाका नगर प्रमुख श्री बिनोद प्रसाद साह ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक नं.०५।०८०।८१ (पाँचौ बैठक) मा निम्नानुसारको पदाधिकारीहरूको उपस्थितिमा बैठक बसियो ।

### उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | बिनोद प्रसाद साह | नगर प्रमुख | [signature] | |
| २. | रौशन परविन | नगर उपप्रमुख | [signature] | |
| ३. | मोहन बहादुर क्षेत्री | वडा अध्यक्ष, वडा नं.१ | [signature] | |
| ४. | राजेश कुमार महतो | वडा अध्यक्ष, वडा नं.२ | | |
| ५. | मोहन साह कानु | वडा अध्यक्ष, वडा नं.३ | [signature] | |
| ६. | रामेश्वर प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.४ | [signature] | |
| ७. | किशुन राउत अहिर | वडा अध्यक्ष, वडा नं.५ | [signature] | |
| ८. | रामविश्वास ठाकुर लोहार | वडा अध्यक्ष, वडा नं.६ | | |
| ९. | सैफुल्लाह मिया अंसारी | वडा अध्यक्ष, वडा नं.७ | | |
| १०. | रंजित चौरसिया | वडा अध्यक्ष, वडा नं.८ | Ranjit | |
| ११. | पुरुषोत्तम सिं पाण्डे | वडा अध्यक्ष, वडा नं.९ | | |
| १२. | महम्मद सविर | वडा अध्यक्ष, वडा नं.१० | | |
| १३. | अजय कुमार कुशवाहा | वडा अध्यक्ष, वडा नं.११ | | |
| १४. | लालवावु महतो | वडा अध्यक्ष, वडा नं.१२ | [signature] | |
| १५. | राजेश महथा खत्री | वडा अध्यक्ष, वडा नं.१३ | [signature] | |
| १६. | सुरेन्द्र प्रसाद जैसवाल | वडा अध्यक्ष, वडा नं.१४ | | |
| १७. | भोरिक प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.१५ | [signature] | |
| १८. | शेषनाथ साह तेली | वडा अध्यक्ष, वडा नं.१६ | [signature] | |
| १९. | दिपेन्द्र महतो | वडा अध्यक्ष, वडा नं.१७ | [signature] | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| २०. | धुरुप राउत अहिर | वडा अध्यक्ष, वडा नं.१८ | | |
| २१. | हरिन्द्र राउत कुर्मी | वडा अध्यक्ष, वडा नं.१९ | | |
| २२. | मो. आलम पावरिया | वडा अध्यक्ष, वडा नं.२० | | |
| २३. | शिवबिहारी चौधरी | वडा अध्यक्ष, वडा नं.२१ | | |
| २४. | शिवचन्द्र कामी | वडा अध्यक्ष, वडा नं.२२ | | |
| २५. | अमिन अंसारी | वडा अध्यक्ष, वडा नं.२३ | | |
| २६. | हिरालाल चौधरी | वडा अध्यक्ष, वडा नं.२४ | | |
| २७. | चन्दन पटेल | वडा अध्यक्ष, वडा नं.२५ | | |
| २८. | धर्मेन्द्र प्रसाद यादव | वडा अध्यक्ष, वडा नं.२६ | | |
| २९. | अशोक कुमार तिवारी | वडा अध्यक्ष, वडा नं.२७ | | |
| ३०. | चम्पा देवी | कार्यपालिका सदस्य | | |
| ३१. | कल्पना अधिकारी नेपाल | कार्यपालिका सदस्य | | |
| ३२. | ललिता देवी | कार्यपालिका सदस्य | | |
| ३३. | कान्ती कुमारी | कार्यपालिका सदस्य | | |
| ३४. | लिलावती कुमार लोहार | कार्यपालिका सदस्य | | |
| ३५. | उदित कुमार साह कानु | कार्यपालिका सदस्य | | |
| ३६. | राजेश्वर सिंह | कार्यपालिका सदस्य | | |
| ३७. | नाथु साह | प्रमुख प्रशासकीय अधिकृत | | |

## बैठकमा आमन्त्रित तथा सहजीकरण गर्ने कर्मचारीहरूको उपस्थिति

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | दिवाकर झा | प्रशासन शाखा प्रमुख | | |
| २. | तपसी प्रसाद चौरसिया | शाखा अधिकृत | | |
| ३. | मन्जु सोनार | सहायक पाँचौं (प्रशासन शाखा) | | |
| ४. | इलाहाबाद प्र. पाण्डे | कार्यालय सहयोगी | | |

कलैया उपमहानगरपालिका

नगर कार्यपालिकाको बैठक नं.०५/०८०/८१ मिति २०८०।०६।१४ गतेको एजेण्डा तथा निर्णयहरू

छलफल गरिने विषयहरू र निर्णयहरू (Agendas and Decisions)

१. ल्याण्ड फिल निर्माणको लागि जग्गा सम्बन्धमा ।
निर्णयः कलैया उपमहानगरपालिकाको ल्याण्ड फिलको लागि तयार भएको डि.पी.आर. अनुसारको ल्याण्ड फिल निर्माण अगाडी बढाउन जिल्ला बारा साविक गा.वि.स.बघवन, वडा नं.६ हाल कलैया उपमहानगरपालिका वडा नं.१४ को कि.नं.१ ज.वि.३०-१२-१४ फिल्ड बुकमा पर्ती (सरकारी ऐलानी) रहेको जग्गा नगरपालिकाको नाममा दर्ता कायम गर्न जिल्ला प्रशासन कार्यालय, बारालाई अनुरोध गर्ने निर्णय गरियो ।

२. खेलकुदको स्टेडियम निर्माणको लागि जग्गा सम्बन्धमा ।
निर्णयः साविक गा.वि.स.ब्रह्मपुरी वडा नं.३ को साविक कि.नं.१, ऐ.वडा नं.२ को साविक कि.नं.५ र २७ मा रहेको ऐलानी जग्गामा स्टेडियम निर्माण गर्न उक्त जग्गा नगरपालिकाको नाममा दर्ता कायम गर्न जिल्ला प्रशासन कार्यालय, बारालाई अनुरोध गर्ने निर्णय गरियो ।

३. गरिब घरपरिवारको सूचीमा समावेश गर्न मन्त्रालयलाई सिफारिस गर्ने सम्बन्धमा ।
निर्णयः गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ को दफा १३ को उपदफा ४ बमोजिम नेपाल सरकार, भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त प्रारम्भिक रुपमा पहिचान भएका गरिब घरपरिवारहरूको सूची सोही दफाको उपदफा ५ र ६ अनुसार प्रकाशन तथा आवश्यक छानबीन गर्दा दर्ता भएको फाराम संख्या १२२६ मध्ये ६९२ घरपरिवार गरिबको सूचीमा समावेश गर्नुपर्ने आवश्यक देखिएकोले २९३ घरपरिवार सामान्य, २८६ घरपरिवार मध्यम र ११३ घरपरिवार अति गरिब गरी जम्मा ६९२ घरपरिवार भएको प्रतिवेदनमा छलफल गरियो । थप अध्ययन गरी आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

४. धरौटी रकम सापटी फिर्ता सम्बन्धमा ।
निर्णयः विभिन्न समयमा नगरपालिकालाई आवश्यक भई धरौटी खाताबाट चालू र पूँजीगत तर्फ लिएको सापटी रकम जम्मा रु.३४,८२,५००।—(चौतीस लाख बयासी हजार पाँच सय मात्र) गत आर्थिक वर्षको पूँजीगत तर्फको "दायित्व भुक्तानी" शिर्षकबाट फिर्ता गर्ने निर्णय गरियो ।

५. धरौटी सदर स्याहा सम्बन्धमा ।
निर्णयः आ.व.२०७५।०७६ भन्दा अगाडीका पुराना आ-आफ्ना धरौटीहरू फिर्ता लग्न १५ दिने सूचना प्रकाशन गर्ने, सो अवधि भित्र धरौटी फिर्ता गर्ने निवेदन तथा कर चुक्ता सहित पेश गरेमा धरौटी फिर्ता गर्ने अन्यथा धरौटीहरू सदर स्याहा गर्ने निर्णय गरियो ।

६. विद्यालयको लागि जग्गा खरिद/अधिग्रहण गर्ने सम्बन्धमा ।
निर्णयः कलैया-१ स्थित श्री ने.रा. नमूना मा.वि. कलैया गाउँको लागि विद्यालयसँग टाँसिएको जिल्ला बारा साविक गा.वि.स. कलैया वडा नं.६ कि.नं.९८ ज.वि.०-२-० अधिग्रहण गर्न जिल्ला प्रशासन कार्यालय, बारालाई अनुरोध गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

७. पोखरी र बजारको वस्तुस्थिति अध्ययन गरी न्यूनतम अंक सिफारिस गर्ने सम्बन्धमा ।

निर्णयः कलैया उपमहानगरपालिका भित्र रहेका सम्पूर्ण पोखरी तथा बजारको वस्तुस्थिति अध्ययन गरी न्यूनतम अंक सिफारिस गर्न तपसिल बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

- संयोजकः वडा अध्यक्ष-४ श्री रामेश्वर प्रसाद यादव
- सदस्यः वडा अध्यक्ष-६ श्री रामविश्वास ठाकुर
- सदस्यः वडा अध्यक्ष-१७ श्री दिपेन्द्र महतो
- सदस्यः वडा अध्यक्ष-२३ श्री अमिन अंसारी
- सदस्य-सचिवः राजस्व शाखा प्रमुखः श्री प्रभात कुमार वर्मा

८. "घ" वर्गको निर्माण व्यवसायी इजाजत प्रदान गर्ने सम्बन्धमा।

निर्णयः मिति २०८०।०६।१४ गतेको 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र जाँच-बुझ समितिको निर्णयानुसार पेश भएका तपसिल बमोजिमको फर्महरूलाई 'घ' वर्गको इजाजतपत्र प्रदान गर्न समितिका इन्जिनियरसँग प्रतिवेदन माग गर्ने निर्णय गरियो।

तपसिल

| क.सं. | निर्माण व्यवसायीको नाम | ठेगाना | प्रो. को नाम |
|---|---|---|---|
| १ | अनुष्का कन्स्ट्रक्सन | कलैया-३ | अमन प्रसाद गुप्ता |
| २ | ओम निर्माण सेवा | कलैया-१ | उर्सा कुमारी यादव |
| ३ | कन्हैया निर्माण सेवा | कलैया-१८ | सुरेस वैठा |
| ४ | गरूण कन्स्ट्रक्सन | कलैया-१४ | विकास कुमार जयसवाल |
| ५ | महतो ब्रदर्श कन्स्ट्रक्सन | कलैया-५ | रविन्द्र कुमार महतो |
| ६ | हजारी निर्माण सेवा | कलैया-४ | आस्तानन्द प्र.साह |
| ७ | माँ जगदम्बा कन्स्ट्रक्सन | कलैया-२६ | नितेस पंडित प्रजापति |

९. भुक्तानी सम्बन्धमा ।

निर्णयः प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत तपसिल बमोजिमको कार्य गर्ने सम्झौता भएपनि प्रदेशबाट भुक्तानी हुन नसकेकोले सम्झौताको ४०% रकम नगरपालिकाको पूँजीगत तर्फ विनियोजित "दायित्व शिर्षक" बाट नै भुक्तानी गर्ने निर्णय गरियो ।

तपसिल

१. नेपाल जनशक्ति सीप विकास तथा परामर्श केन्द्र प्रा.लि. कलैया-६, बारा द्वारा तयार गरिएको यस पालिकाको लै.स.सा.स. रणनीतिक योजना

२. एभरेष्ट अध्ययन अनुसन्धान तथा परामर्श सेवा प्रा.लि. द्वारा तयार गरिएको क्षमता विकास योजना

३. **A Joint Venture Associate of Civil Link Engineering Consultant, Sanepa Mun, Kabhre and Synergy Engineering and Consultants Pvt.Ltd., Kathmandu.** द्वारा तयार गरिएको आवधिक योजना

CamScanner

१०. न्यायिक समिति र मेलमिलाप कर्ताको भत्ता सम्बन्धमा ।

निर्णयः न्यायिक समितिको पदाधिकारी लाई प्रति मेलमिलाप वा प्रति फैसला बापत एकमुष्ट रुपमा रु.५०००।–(पाँच हजार मात्र), न्यायिक समितिमा खट्ने कर्मचारीहरूलाई एकमुष्ट रु.२०००।–(दुई हजार मात्र) र मेलमिलाप कर्तालाई मेलमिलाप गराए बापत एकमुष्ट प्रति मेलमिलाप रु.६००।–(छव सय मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

११. यातायात भत्ता सम्बन्धमा ।

निर्णयः मेलमिलाप सम्बन्धी आधारभूत तालिममा सहभागीहरूलाई प्रति सहभागी दैनिक रु.५००।–(पाँच सय) का दरले यातायात भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

१२. प्रधानमन्त्री रोजगार कार्यक्रमबाट योजना स्वीकृत गर्ने सम्बन्धमा ।

निर्णयः वडा नं.२७ मा तपसिल बमोजिमको कार्यहरू प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ज्याला भुक्तानी हुने गरी योजना स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | वडा नं. | कार्यको नाम |
|---|---|---|
| १. | २७ | बार्वा टोलको शंकर महतोको घरदेखि बढनिया माई हुँदै अजय कुमार तिवारीको खेतसम्म कृषि बाटो निर्माण कार्य |
| २. | | बिजुलपुर गोसाई टोल देखि बार्वा टोलसम्म बाटोको दुवै छेउमा रहेको मुज(खरही) तथा घास सरसफाई गर्ने कार्य |
| ३. | | विश्वनाथको घरदेखि रामानन्द बैठाको खेतसम्म कृषि बाटो निर्माण गर्ने |

१३. कर्मचारीहरूको भत्ता पुनरावलोकन गर्ने सम्बन्धमा ।

निर्णयः यस उपमहानगरपालिकामा कार्यरत स्थायी तथा करारका कर्मचारीहरूले खाईपाई आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिने निर्णय गरियो ।

१४. स्रोत परिवर्तन सम्बन्धमा ।

निर्णयः संलग्न बमोजिमको स्रोत परिवर्तन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

## श्रोत परीवर्तन

## आ.व. : २०८०/८१

### साबिकको श्रोत अनुसारको योजना (चालु)

| SN | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०२२१३०११०१ | जनप्रतिनिधी सेवा सुबिधा | 21142 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १००००००० | |
| २ | ८०२२१३०११०१ | बजार अनुगमन | 22611 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १००००० | |
| ३ | ८०२२१३०११०१ | कार्यक्रम खर्च सार्वजानिक सुनुवाइ | 22522 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २००००० | |
| ४ | ८०२२१३०११०१ | घरभाडा आधारभुत स्वास्थय सेवा केन्द्र संचा | 28142 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | १०००००० | |
| ५ | ८०२२१३०११०१ | सम्पुर्ण कर्मचारी पारीश्रमिक | 21111 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००००००० | |
| ६ | ८०२२१३०११०१ | बाल बिकास सहजकर्ता बिधालय कर्मचारी र स | 21111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ८७००००० | |
| ७ | ८०२२१३०११०१ | जनप्रतिनिधी सेवा सुबिधा | 21142 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००००००० | |
| ८ | ८०२२१३०११०१ | इन्धन (कार्यालय प्रयोजन) | 22212 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १००००००० | |
| | | | | | | | जम्मा | ६००००००० | |

### साबिकको श्रोत अनुसारको योजना (चालु)

| SN | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०२२१३०११०१ | जनप्रतिनिधी सेवा सुबिधा | 21142 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १००००००० | |
| २ | ८०२२१३०११०१ | बजार अनुगमन | 22611 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १००००० | |
| ३ | ८०२२१३०११०१ | कार्यक्रम खर्च सार्वजानिक सुनुवाइ | 22522 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | २००००० | |
| ४ | ८०२२१३०११०१ | घरभाडा आधारभुत स्वास्थय सेवा केन्द्र संचा | 28142 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | १०००००० | |
| ५ | ८०२२१३०११०१ | सम्पुर्ण कर्मचारी पारीश्रमिक | 21111 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | २००००००० | |
| ६ | ८०२२१३०११०१ | बाल बिकास सहजकर्ता बिधालय कर्मचारी र स | 21111 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - संघीय सरकार | राजस्व बाँडफाँड | नगद | ८७००००० | |
| ७ | ८०२२१३०११०१ | जनप्रतिनिधी सेवा सुबिधा | 21142 | राजस्व बाडफाड | राजस्व बाँडफाँड – स्थानीय | राजस्व बाँडफाँड | नगद | १००००००० | |
| ८ | ८०२२१३०११०१ | इन्धन (कार्यालय प्रयोजन) | 22212 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | १००००००० | |
| | | | | | | | जम्मा | ६००००००० | |

श्रोत परीवर्तन

आ.व. : २०८०/८१

## साबिकको श्रोत अनुसारको योजना (नगर कार्यपालिका पुजिगत)

| सि. न. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०२२१३०११०४ | पुराना सि सि क्यामेरा मर्मत | 31159 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४८५०००. | |
| २ | ८०२२१३०११०४ | नगर प्रहरीको लागी वाकीटकी खरीद | 31122 | प्रदेश सरकार | मधेश प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४८५०००. | |
| ३ | ८०२२१३०११०४ | अन्य खप्ने समान | 31511 | प्रदेश सरकार | मधेश प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४००००००. | |
| ४ | ८०२२१३०११०४ | सडक बति | 31511 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १००००००० | |
| ५ | ८०२२१३०११०४ | खेलकुद समाग्री गतिविधी | 31511 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २००००००. | |
| ६ | ८०२२१३०११०४ | दैवी प्रकोप उदार राहत कोष | 31511 | प्रदेश सरकार | मधेश प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५०००००. | |
| ७ | ८०२२१३०११०४ | डि पि आर तयारी | 31510 | प्रदेश सरकार | मधेश प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४००००००. | |
| ८ | ८०२२१३०११०४ | मर्मत संभार कोष | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३००००००. | |
| | | | | | | | जम्मा | २४४७००००. | |

## श्रोत परीवर्तन भए पछिको योजना (नगर कार्यपालिका पुजीगत)

| सि. न. | बजेट उपशीर्षक | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च उपशिर्षक | स्रोत समूह | बजेटको स्रोत/तह | प्राप्तिको श्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०२२१३०११०४ | पुराना सि सि क्यामेरा मर्मत | 31159 | प्रदेश सरकार | मधेश प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४८५०००. | |
| २ | ८०२२१३०११०४ | नगर प्रहरीको लागी वाकीटकी खरीद | 31122 | संघीय सरकार | नेपाल सरकार | समानिकरण अनुदान | नगद अनुदान | ४८५०००. | |
| ३ | ८०२२१३०११०४ | मर्मत संभार कोष | 31159 | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३००००००. | |
| ४ | ८०२२१३०११०४ | दैवी प्रकोप उदार राहत कोष | 31135 | प्रदेश सरकार | मधेश प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ५०००००. | |
| ५ | ८०२२१३०११०४ | अन्य खप्ने समान | 31135 | प्रदेश सरकार | मधेश प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४००००००. | |
| ६ | ८०२२१३०११०४ | डि पि आर तयारी | 31159 | प्रदेश सरकार | मधेश प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | ४००००००. | |
| ७ | ८०२२१३०११०४ | खेलकुद समाग्री र गतिविधी | 31135 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | २००००००. | |
| ८ | ८०२२१३०११०४ | सडक बति | 31159 | राजस्व बाडफाड | राजस्व बाँडफाँड - प्रदेश सरकार | राजस्व बाँडफाँड | नगद | १० ०००००. | |
| | | | | | | | जम्मा | २४४७००००. | |

१५. आर्थिक सहयोग सम्बन्धमा ।

निर्णयः तपसिल बमोजिमको आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(क) जिल्ला ट्राफिक प्रहरी कार्यालय, निजगढ, बारालाई एक थान कम्प्युटर, प्रिन्टर र ईन्भटर उपलब्ध गराउने निर्णय गरियो ।

(ख) कलैया-३ भवानीपुर टोल बस्ने दोष महमद मियाको छोरा अन्दाजी वर्ष १८ को नेसात्र मन्सुरलाई हात्तिपाइले रोग लागेर अन्त्यमा खुट्टानै काट्नु परेकोले निजलाई उपचार वापत रु.२०,०००।—(बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(ग) कलैया-९ का साहनाज बेगमलाई हार्टको विरामी भएकोले निजलाई रु.२०,०००।—(बीस हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

(घ) कलैया-१९ का हिरदेश ठाकुर लोहारलाई रु.१,००,०००।—(एक लाख मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

१६. निर्माण सहयोग सम्बन्धमा ।

निर्णयः कलैया-१ मा रहेको हाटबजारमा रहको यस उ.म.न.पा.को सटर नं..... को माथि बन्ने कोठा (लम्बाई ३४ फिट, चौडाई २२.१० फिट) निर्माण गर्ने तथा निर्माण गर्न न्यूनतम निर्माण सहयोग रु.२०,००,०००।—(बीस लाख मात्र) कायम गरी खुला सूचना गर्ने तथा बढी निर्माण सहयोग रकम कबोल गर्नेसँग कोठा भाडा सम्झौता गर्ने तथा पछि यस उ.म.न.पा.को नियमानुसार भाडा वृद्धि हुने गरी हाल रु.२०,०००।—(बीस हजार मात्र) मासिक भाडादर कायम गरी कोठा भाडामा लगाउने निर्णय गरियो ।

१७. सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र सामुदायिक सिकाई केन्द्रको परिचालकहरूको लागि थप रकम सम्बन्धमा ।

निर्णयः प्रस्ताव नं.१३ माथि छलफल गर्दा यस पालिका अन्तर्गतको सामुदायिक विद्यालयमा कार्यरत बालविकास सहजकर्ता, विद्यालय कर्मचारी र सामुदायिक सिकाई केन्द्रको परिचालकहरूको लागि विगतको आ.व. जस्तै चालु आ.व. २०८०।८१ मा समेत एघारौं नगर सभाबाट पारित वार्षिक नगर विकास योजना (बजेट, नीति तथा कार्यक्रम पुस्तिका) मा अनुसूची-६ को सि.नं.३१ मा विनियोजित बजेटबाट तपसिल अनुसार हुने गरी विद्यालयको खातामा निकासा दिने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | शिर्षक | मासिक थप रकम | कैफियत |
|---|---|---|---|
| १. | बालविकास सहजकर्ता | रु.७०००।- | १३ महिनाको निकासा दिने |
| २. | विद्यालय सहायक | रु.४५००।- | १३ महिनाको निकासा दिने |
| ३. | विद्यालय सहयोगी | रु.७०००।- | १३ महिनाको निकासा दिने |
| ४. | सामुदायिक सिकाई केन्द्र परिचालक | रु.७०००।- | १३ महिनाको निकासा दिने |

१८. न्यायिक समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

निर्णयः न्यायिक समितिको मिति २०८० भाद्र ११ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

CamScanner